**नेपाल सरकार**

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

# केन्द्रीय बालकल्याण समिति

# जिल्ला बालकल्याण समितिहरुका लागि

# आ.व. २०७४/०७५ को सेवा तथा कार्यहरु कार्यान्वयन मार्गदर्शन, २०७४

प्रत्येक जिल्ला बालकल्याण समितिले नेपाल सरकारको प्रचलित आर्थिक कानून बमोजिम समितिको सेवा र कार्यहरु **LMBIS मा उल्लिखित वार्षिक कार्यक्रम अनुसार सञ्चालन गर्नु पर्नेछ**। कार्यक्रम कार्यान्वयनको **मासिक, चौमासिक, अर्द्धवार्षिक, अष्टमासिक र वार्षिक प्रगति प्रतिवेदन** प्रचलित तोकिएका ढाँचा र समयभित्र नियमित निरन्तर केन्द्रीय बालकल्याण समितिमा पठाउनु पर्नेछ। मासिक प्रगति प्रतिवेदन प्रत्येक महिनाको (अघिल्लो महिनाको प्रगति ठीक अर्को महिनाको) **३ गतेभित्र,** चौमासिक, अर्द्धवार्षिक, अष्टमासिक प्रत्येक अर्को महिनाको **५ गतेभित्र** र वार्षिक प्रगति प्रतिवेदन सो अवधि समाप्त भएको ठीक अर्को महिनाको **७ गतेभित्र** केन्द्रीय बालकल्याण समितिमा अनिवार्य रुपमा आइपुग्नु पर्नेछ। चौमासिक विभाजन अनुसार नै कार्यक्रम वजेट सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ। वजेट रकम फ्रिज हुन नदिन अगामी २०७५ सालको आषाढ महिनाको पहिलो हप्ता भित्रै कार्यक्रम सम्पन्न हुने गरी सञ्चालन गर्नु पर्नेछ। यस मार्गदर्शनमा रहेका देहायका कार्यक्रमहरु मध्ये क्र.सं. १ देखि ६ सम्मका कार्यक्रमहरु ७५ रै जिल्लामा र क्र.सं. ७ देखि १० सम्मका कार्यक्रमहरु तोकिएका जिल्लाहरुमा मात्र सञ्चालन गरिने भएकोले सोही बमोजिम सम्बन्धित जिल्ला बालकल्याण समितिले कार्यक्रम सञ्चालन गरी, अपेक्षित उपलब्धिहरु हासिल हुने गरी कार्यक्रम कार्यान्वयन गरी सोको प्रतिवेदन केन्द्रीय बालकल्याण समितिमा पेश गर्नु पर्नेछ। आवश्यकताका आधारमा कुनै कुनै कार्यक्रम सम्बन्धित स्थानीय तहको सहयोग, सहकार्य र समन्वयमा समेत सञ्चालन गर्न सकिनेछ।

## <u>जिल्ला बालकल्याण समितिहरुबाट सञ्चालन गरिने वार्षिक कार्यक्रम</u>

१. **"जिल्ला बालकल्याण समितिको बैठक तथा कार्य सञ्चालन खर्च"** यस क्रियाकलापमा विनियोजन गरिएको वजेट रकम जिल्ला बालकल्याण समितिको कार्यालय निरन्तर सञ्चालन र नियमानुसार **कार्यालय समय अघिपछि समितिको बैठक बसेमा :–**

- वर्षभरी कम्तीमा ३ पटक बैठक बस्ने गरी, अर्थ मन्त्रालयको बैठक भत्तासम्बन्धी नर्म्समा नबढ्ने गरी, जिल्ला बालकल्याण समितिको सदस्य संख्या र लक्षित वार्षिक बैठक संख्या निर्धारण गरी सोको आधारमा जिल्ला बालकल्याण समितिको निर्णयले वर्षभरीको बैठक भत्ता व्यवस्थापन गर्ने।
- प्रदान गरिने बैठक भत्ताको १५ प्रतिशत अग्रिम कर कट्टी गरेर मात्र बैठक भत्ता उपलब्ध गराउने।
- विकासका साझेदार संस्था वा स्थानीय स्रोत समेतको व्यवस्थापन सहयोगबाट यस क्रियाकलापको लागि वजेट प्राप्त भएमा यसै बमोजिम बैठक भत्ता प्रदान गरी बैठक भत्तामा एकरुपता कायम गर्नु उपयुक्त हुने।
- जिल्ला बालकल्याण समिति कार्यालय सञ्चालनसम्बन्धी खर्च स्टेशनरी तथा आवश्यक पत्राचारको लागि आवश्यक हुने कार्यालय सञ्चालन सम्बन्धी खर्च निर्धारण गरी व्यवस्थान गर्ने।
- ि
जल्ला बालकल्याण समितिको बैठकको चिया, खाजा तथा सार्वजनिक सवारी साधनबाट बैठकमा आउँदा र जाँदा लाग्ने बस टिकट खर्च जस्ता बैठक सम्बन्धी अन्य खर्च समेत व्यवस्थापन गर्न सकिने।

<u>**जिल्ला बालकल्याण समितिको नियमित बैठक र कार्यालय सञ्चालनबाट गरिएको अपेक्षा**</u>

बालबालिकासम्बन्धी ऐन, २०४८ र यसको नियमावली, २०५१ मा उल्लिखित जिल्ला बालकल्याण समितिका काम, कर्तव्य र अधिकार तथा बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार कार्यान्वय गर्नमा सहयोग पुगी बालअधिकारको संरक्षण र सम्वर्धन हुने अपेक्षा गरिएको छ । साथै उल्लिखित कार्यहरु प्रभावकारी रुपमा सञ्चालन भई देहाय बमोजिमको उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ :–

**कार्यसम्पादन सूचकाङ्क**

| **क्र.सं.** | **विवरण** | **इकाइ** | **सूचकाङ्क** | **अपेक्षित उपलब्धि** |
|---|---|---|---|---|
| १ | बैठक बस्ने | पटक | बैठक संख्या ३ | जिल्ला बालकल्याण समितिको वर्ष भरी कम्तीमा ३ पटक बैठक बसेको हुने, बैठकको महत्वपूर्ण निर्णय ................... भएको, बैठकको निर्णय संख्या.........., बैठकमा उपस्थित भएका पदाधिकारी संख्या औसतमा.......( महिला ..... र पुरुष ............) । |
| २ | कार्यालय सञ्चालन | संख्या | कार्यालय संख्या १ | कानून बमोजिम तोकिएका कार्यहरु कार्यान्वयन गर्न प्रत्येक जिल्ला बालकल्याण समितिको कार्यालय प्रभावकारी समन्वयकारी निकायको रुपमा निरन्तर सञ्चालन भएको हुने । |

२. **“जिल्ला बालकल्याण समितिबाट बालगृहहरु र बालअधिकार हनन्का घटनाहरुको अनुगमन तथा निरीक्षण”** जिल्लामा सञ्चालनमा रहेका बाल गृहरुको संख्या, जनसंख्याका आधारमा बालबालिकाको संख्या बढी भएका जिल्ला र बालअधिकार हनन्का घटना घटन सक्ने अवस्था समेतलाई मध्यनजर गरी यस क्रियाकलापमा विनियोजन गरिएको कार्यक्रम वजेट रकम अत्यधिक संख्यामा बालगृह रहेका जिल्लामा बालगृह अनुगमनका लागि बढी रकम विनियोजन गरिएकोछ भने त्यस्ता जिल्ला र त्यस बाहेकका जिल्लाहरुमा समेत बालअधिकार हनन्का घटनाहरु घटन गएमा त्यस्ता घटनाहरुको आवश्यक अनुगमन गरी सोको व्यवस्थापन तथा समन्वय गरी बालअधिकार हनन्को घटनाको रोकथाम, न्यूनीकरण र नियन्त्रण समेतमा सहयोग पुऱ्याउन रकम विनियोजन गरिएको छ ।

- बाल गृह सञ्चालनमा रहेका ४६ जिल्लाका (काठमाडौं, ललितपुर, कास्की, चितवन, भक्तपुर, दोलखा, सिन्धुली, धादिङ, सिन्धुपाल्चोक, मकवानपुर, काभ्रे, नुवाकोट, संखुवासभा, इलाम, उदयपुर, झापा, मोरङ, धनकुटा, सुनसरी, सप्तरी, पर्सा, सर्लाही, महोत्तरी, बारा, रौतहट, सिरहा, धनुषा, लमजुङ, म्याग्दी, तनहुँ, गोरखा, पाल्पा, कपिलवस्तु, बाँके, दाङ, नवलपरासी, रुपन्देही, बर्दिया, सुर्खेत, दैलेख, हुम्ला, जुम्ला, कैलाली, अछाम, कन्चनपुर र मुगु) जिल्ला बालकल्याण समितिहरुले नियमित बालगृह अनुगमन कार्यलाई प्राथमिकतामा राखी मापदण्ड अनुकूल बाल गृह सञ्चालन गर्न गराउन जिल्ला भित्र सञ्चालनमा रहेका सबै बाल गृहहरुलाई कम्तीमा दुई पटक अनुगमन गरी पृष्ठपोषण गर्ने, बाल गृह संचालन अनुमति दिनुपूर्व अनिवार्य रुपमा बाल गृह अनुगमन गर्ने र जिल्लामा बालअधिकार हनन्का घटनाहरु घटेमा सोको आवश्यक अनुगमन गर्ने गराउने कार्यमा समेत **भ्रमण खर्च नियमावली (चौथौ संशोधन), २०६४** बमोजिम निकासा खर्च तथा भुक्तानी गर्न सक्ने ।
- बाल गृह सञ्चालनमा नभएका २९ जिल्लाका जिल्ला बालकल्याण समितिहरुले पनि बालअधिकार हनन्का घटनाहरुको अनुगमन, निरीक्षण, समन्वय तथा सहजीकरण गर्नु पर्दा यस कार्यक्रममा विनियोजन गरिएको रकमबाट **भ्रमण खर्च नियमावली (चौथो संशोधन), २०६४** बमोजिम अनुगमन भ्रमण खर्च भुक्तान गर्न सक्ने ।
- देहायका जिल्लाहरुले **कम्तीमा** पनि देहाय बमोजिमको बालगृहहरु अनुगमन गर्नुपर्नेः १) काठमाडौं १००, २) ललितपुर ५०, ३) कास्की ३४, ४) चितवन २०, ५) भक्तपुर १६, र यस बाहेकका बालगृह सञ्चालनमा रहेका **सबै (४०) जिल्ला बालकल्याण समितिहरुले** जिल्लामा सञ्चालनमा रहेका **सबै बाल गृहहरुको अनुगमन गर्ने** ।

- बाल गृहहरुको अनुगमन गर्दा **आवासीय बाल गृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९** बमोजिम मापदण्डहरु अनुसार यस समितिले निर्धारण गरेको अनुगमन सूचकांक फाराममा भएको व्यवस्था बमोजिम बाल गृह मापदण्ड बमोजिम सञ्चालन भए/नभएको निश्चित गरी थप सुधारको लागि आवश्यक निर्देशन दिने र कार्यान्वयनको अवस्थाका आधारमा थप आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।
- बाल गृह सञ्चालन अनुमति दिंदा र नवीकरण गर्दा अनुगमन गरी सोको आधारमा कारबाही गर्ने ।
- वर्षभरी अनुगमन गरिएका बालगृहहरुको अवस्था समेत समेटी एक अनुगमन प्रतिवेदन तयार गरी एकप्रति जिल्ला बालकल्याण समितिमा राख्ने र यसको अर्को एकप्रति केन्द्रीय बालकल्याण समितिमा पठाउने जसमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सञ्चालन भएका बाल गृह र मापदण्ड बमोजिम सञ्चालन नभएका बाल गृहको नाम र आश्रित बालबालिकाको लिंग समेत खुलेको विवरण प्रतिवेदनमा समावेश गर्नु पर्ने ।

**जिल्ला बालकल्याण समितिका पदाधिकारीहरु, बालकल्याण अधिकारी, जिल्ला बालगृह अनुगमन समितिका पदाधिकारीहरु समेतबाट बाल गृहहरु र बालअधिकार हनन् घटनाको आकस्मिक अनुगमन तथा निरीक्षण गर्दा भ्रमण खर्च नियमावली, २०६४ (चौथो संशोधन समेत)बमोजिम हुने गरी देहाय बमोजिम गर्ने :–**

- जिल्ला बालकल्याण समितिका पदाधिकारी, बालकल्याण अधिकारी, जिल्ला बालगृह अनुगमन समितिका पदाधिकारी वा टोली वा सम्बन्धित कर्मचारीबाट सरकारी कार्यालयको गाडी वा मोटरसाइकल प्रयोग गरी विदाको दिन पारेर समूहगत रुपमा गई अनुगमन तथा निरीक्षण गर्दाः भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (३) बमोजिम भ्रमणको लागि हुने इन्धन खर्च, **दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च,** कार्यालय सम्म आउँदा र जाँदा प्रचलित नियमानुसारको खर्च प्रदान गर्ने ।
- उल्लिखित पदाधिकारी तथा कर्मचारीबाट सरकारी कार्यालयको गाडी वा मोटरसाइकल प्रयोग गरी कार्यालय खुलेको दिनमा समूहगत रुपमा गई अनुगमन तथा निरीक्षण गर्दाः भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (३) बमोजिम भ्रमणको लागि हुने इन्धन खर्च र **दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च** प्रदान गर्ने ।
- कार्यालयको मोटरसाइकल प्रयोग गरी एकल रुपमा वा दुईजना गई अनुगमन तथा निरीक्षण गर्दाः भ्रमण खर्च नियमावली,२०६४ को नियम ७ को उपनियम (३) बमोजिम भ्रमणको लागि हुने इन्धन खर्च र **दैनिक भत्ताकोपच्चीस प्रतिशत खाजा खर्च** प्रदान गर्ने ।
- यातायातको साधन प्रयोग नगरी अनुगमन तथा निरीक्षण गर्दाः भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (३) बमोजिम हुने गरी **दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च** मात्र प्रदान गर्ने ।
- अनुगन टोलीमा कम्तीमा एक जना अधिकृतस्तर कर्मचारी वा पदाधिकारी सहभागी हुनु पर्ने ।
- सरकारी कार्यालयको सवारी साधन प्रयोग नगरी अनुगमन कार्य गरिएमा प्रचलित नियमानुसार सार्वजनिक यातायातमा लाग्ने खर्च उपलब्ध गर्ने ।
- ट्याक्सी प्रयोग गरी वा गाडी भाडामा लिई अनुगमन कार्य गर्न नहुने ।

## नियमित बालगृह अनुगमन र बालअधिकार हनन्का घटना अनुगमनबाट गरिएको अपेक्षा

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४४ यसको नियमावली, २०५१ को नियम २८ र आवासीय बालगृहको सञ्चानल तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ को ७८ वटा मापदण्डहरुको कार्यान्वयन गरी/गराई आवासीय संरक्षणमा रहेका बालबालिकाको संरक्षण र बालअधिकारको सुनिश्चिता गर्न सहयोग पुऱ्याइने र वास्तविक बालबालिका मात्र आवासीय बालगृहमा रहने वातावरण सिर्जना हुन जाने, अनुगमनका आधारमा बालगृह संचालन अनुमति प्रदान गर्न सहज हुने । साथै घर, परिवार, विद्यालय, आवासीय बाल गृह, बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय, केन्द्र, कार्यस्थल आदिमा विभिन्न प्रकारका हिंसा वा शोषण भई बालअधिकार हनन्का घटना घटेमा पीडित बालबालिकालाई आवश्यक संरक्षण र पिडकलाई प्रचलित कानून बमोजिम सजाय तथा दण्ड हुने व्यवस्था लागू गर्न सहयोग गरी बालअधिकारको संरक्षण, सम्मान र सम्वर्धनमा सहयोग पुऱ्याइने । बालगृह अनुगमन र बालअधिकार हनन्का घटनाहरुको अनुगमन तथा निरीक्षणबाट आवासीय बालगृह सञ्चालनमा प्रभावकारीता आई देहाय बमोजिमको उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ :–

**कार्यसम्पादन सूचकाङ्क**

| क्र.सं. | विवरण | इकाइ | सूचकांक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | बाल गृह अनुगमन | वटा | अनुगमन गरिएका बाल गृह संख्या .... | जिल्लामा सञ्चालनमा रहेका ..... बाल गृहहरु मध्ये ........... बाल गृहहरुको अनुमगन गरी पृष्ठपोषण गरिएको । अनुगमन गरिएका बाल गृहहरुको नाम : आश्रित बालबालिको संख्या : ..... बालक......... जना, बालिका ..... जना । अनुगमन गरिएका बाल गृह मध्ये मापदण्ड अनुकूल सञ्चालनमा रहेका बाल गृहको नाम र मापदण्ड पूरा नभई सञ्चालनमा रहेका बाल गृहको नाम । मापदण्ड अनुकूल सञ्चालन हुन नसक्दा बन्द गर्न सम्बन्धित निकायमा सिफारिस गरिएका बालगृहको नाम र सो गृहमा रहेका उद्धार गरिएका बालबालिकाको संख्या : बालक ... जना र बालिका .... जना । अनुगमनको क्रममा बाल गृहलाई सुधार गर्न दिइएका निर्देशनहरु र यस पूर्व दिएका निर्देशनहरुको कार्यान्वयनको अवस्था । मुख्य सुझावः ........ । बालगृह संचालन अनुमति प्रदान गरिएका बालगृहहरुको संख्या र नाम |
| २ | बालअधिकार हनन्का घटनाको अनुगमन | संख्या | बालअधिकार हनन्का घटना अनुगमन संख्या.... | बालअधिकार हनन्का घटना अनुगमनको संख्या .......... । बालअधिकार हनन्का घटनाको मुख्य मुख्य विषयहरु : १) ........ २) ........... ३) .................. ४)............ ५) ...............। घटना व्यवस्थापन गरिए/नगरिएको । |

३. **"जिल्ला बालकल्याण समितिले राष्ट्रिय बाल दिवस र अन्तर्राष्ट्रिय बालअधिकार दिवस मनाउने"** यस क्रियाकलापमा विनियोजन गरिएको कार्यक्रम बजेट रकम सम्बन्धित सरोकारवालाहरुको समन्वय, सहयोग र सहकार्यमा बालबालिकाको स्वऐच्छिक सहभागिता गराई :–

- राष्ट्रिय बाल दिवस भदौ २९ र
- अन्तर्राष्ट्रिय बालअधिकार दिवस नोभेम्वर २० (मंसिर ४) मनाउने ।
- दिवस मनाउने सम्बन्धी खर्च रकम अपुग भएमा थप स्रोत परिचालन गरी वा अन्य निकाय, संघ संस्थासँग समन्वय गरी जुटाउन सकिने ।

## बाल दिवस मनाउने कार्यहरुबाट गरिएको अपेक्षा

बालबालिकासम्बन्धी नियमावली, २०५१ को नियम ३ खण्ड (ट) र ९ मा उल्लिखित कार्यहरुमार्फत बालअधिकार संरक्षण र सम्वर्धनमा सहयोग पुऱ्याउन राष्ट्रिय बाल दिवस भदौ २९ र अन्तर्राष्ट्रिय बालअधिकार दिवस नोभेम्बर २० को विशेष अवसरमा बालअधिकार बारे सबैलाई सचेतना जागृत गराई बालअधिकारको प्रचार प्रसार गरिने । दिवस मनाउने कार्यबाट सम्बन्धित सरोकारवाला निकायका पदाधिकारी, नागरिक समाज र बालबालिका स्वयमलाई बालअधिकारबारे सचेतना अभिवृद्धि भई बालबालिकाको अधिकार सम्वर्धनमा सहयोग पुग्ने अपेक्षा गरिनुको साथै देहाय बमोजिमको उपलब्धि हासिल हुनेछ :–

**कार्यसम्पादन सूचकाङ्क**

| क.सं. | विवरण | इकाइ | सूचकांक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बाल दिवस भदौ २९ मनाउने | पटक | दिवस मनाएको पटक संख्या १ | जिल्ला स्तरमा रहेका सरोकारवाला सरकारी निकाय, संघ संस्था, विद्यालय र सम्बन्धित स्थानीय तह समेतको सहभागितामा बालबालिकाको प्रतिभा तथा सिर्जनालाई अभिवृद्धि गर्न विविध कार्यक्रम सहित राष्ट्रिय बाल दिवस भदौ २९ मनाइने, यसबाट सम्बन्धित तहमा कानून, नीति, योजना, कार्ययोजना र कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुग्न गई बालअधिकार सम्वर्धनमा सहयोग पुगेको हुने ।<br>राष्ट्रिय बाल दिवस मनाउन क्रममा गरिएका मूल क्रियाकलापहरु ......... र सहभागि संख्या बालबालिका ......... र वयस्क...... जना |
| २ | अन्तर्राष्ट्रिय बालअधिकार दिवस नोभेम्बर २० मनाउने | पटक | दिवस मनाएको पटक संख्या १ | जिल्लामा रहेका सरोकारवाला सरकारी निकाय, संघ संस्था, विद्यालय र सम्बन्धित स्थानीय तह समेतको सहभागितामा बालबालिकाको प्रतिभा तथा सिर्जनालाई अभिवृद्धि गर्न विविध कार्यक्रम सहित अन्तर्राष्ट्रिय बालअधिकार दिवस नोभेम्बर २० मनाइने, यसबाट अन्तर्राष्ट्रिय बालअधिकार महासन्धि लगायतका दस्तावेज अनुरुप राष्ट्रिय कानून, नीति, योजना, कार्ययोजना र कार्यक्रमको स्वरुपमा ढाल्न र कार्यान्वयनमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुग्न गई बालअधिकार सम्वर्धनमा सहयोग पुगेको हुने ।<br>अन्तर्राष्ट्रिय बाल दिवस मनाउन क्रममा गरिएका मूल क्रियाकलापहरु ......... र सहभागि संख्या बालबालिका ......... र वयस्क...... जना |

४. **"जिल्लाका प्रमुख स्थानीय भाषामा सम्बन्धित रेडियो (F.M.) बाट बालअधिकार सचेतना सन्देश प्रचार प्रसार तथा प्रसारण"** यस क्रियाकलापमा विनियोजन गरिएको कार्यक्रम बजेट रकम सम्बन्धित जिल्लाको प्रमुख स्थानीय भाषा तथा नेपाली भाषामा बालअधिकारसम्बन्धी

- ग त आ.व.मा उत्पादित सन्देश वा
- न याँ सन्देश उत्पादन गरेर स्थानीय एफ.एम.रेडियोबाट प्रसारण गर्न गराउन आवश्यकतानुसार सम्बन्धित संस्थासँग नियमानुसार सम्झौता गरी कार्यक्रम खर्च रकम भुक्तानी गर्न सकिने ।
- प्र सारण गरिएको सामग्री सन्देश लिखित तथा अडियोको रुपमा केन्द्रीय बालकल्याण समितिमा पठाउनु पर्ने ।

## स्थानीय भाषामा समेत F.M. रेडियोबाट बालअधिकार सचेतना सन्देश प्रसारण गरिने कार्यहरुबाट गरिएको अपेक्षा

बालबालिकासम्बन्धी नियमावली, २०५१ को नियम ३ खण्ड (ट) र नियम ९ मा उल्लिखित कार्यहरुमार्फत बालअधिकार संरक्षण र सम्वर्धनमा सहयोग पुऱ्याउन नेपाली भाषा र स्थानीय मातृ (राष्ट्र) भाषामा समेत बालबालिकासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरुको प्रचार प्रसार गरी बालबालिकाको संरक्षण र सम्वर्धनमा सर्वसाधारण देखि सरोकारवालाहरु सबैमा सचेतना अभिवृद्धि गरिनेछ । यस प्रकारको प्रचार प्रसारबाट बालबालिका माथि हुने वा गरिने सबै प्रकारका गलत अभ्यासहरु, चलन, प्रथा, हिंसा, शोषण, उपेक्षा जस्ता अनुचित कार्यहरुको नियन्त्रण, निषेध, न्यूनीकरण गर्नमा सहयोग पुग्नेछ भने कूनन कार्यान्वयनमा प्रभावकारीता आई बालअधिकारको सम्वर्धन हुनेछ । बालअधिकार सम्वर्धनसम्बन्धी यस्ता सन्देश प्रसारणबाट ग्रामिण क्षेत्रसम्मका सर्वसाधारण अभिभावक, बालबालिका, सम्बन्धित सरोकारवाला निकायका पदाधिकारी, नागरिक समाज लगायतमा सचेतना अभिवृद्धि भई बालबालिकाको अधिकार सम्वर्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ र देहाय बमोजिमको उपलब्धि हासिल गरिनेछ :–

**कार्यसम्पादन सूचकाङ्क**

| क्र.सं. | विवरण | इकाइ | सूचकांक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | एफ.एम.रेडियोबाट बालअधिकार सम्वर्धन सन्देश प्रसारण गरिने | पटक | सन्देश प्रसारण गरिएको पटक संख्या.... | ग्रामिण क्षेत्रदेखि जिल्ला स्तर सम्ममा पुग्ने गरी, सम्बन्धित जिल्लाको आवश्यकतानुसार एक वा एक भन्दा बढी विषयको प्रमुख स्थानीय भाषा वा नेपाली भाषामा कानूनी प्रावधानहरुबारे जानकारी गराउन र कार्यान्वयन समेत गर्न, गराउन बालअधिकार सम्वर्धन सम्बन्धी सन्देश निर्माण तथा उत्पादन गरी प्रसारण गर्न गरिएको सम्झौता बमोजिम सन्देश प्रसारण भई बालअधिकार सम्वर्धनमा सहयोग हुनेछ । बालअधिकार संरक्षण र सम्वर्धन विषयमा सबै तहमा सचेतना अभिवृद्धि भई बालअधिकार सम्वर्धनमा अभिवृद्धि भएको हुने । प्रसारण गरिने सन्देशका विषयहरु बालबालिका सम्बन्धी ऐन, नियम र मापदण्ड आदि समेतबाट निर्धारण गरी स्थानीय आवश्यकतानुरुप प्राथमिकता दिनु पर्ने बालबालिका सम्बन्धी विषयको प्रचार प्रसार हुने । |

५. **"प्रत्येक जिल्ला बालकल्याण समितिले बालबालिका सम्बन्धी सूचना र तथ्याङ्क संकलन तथा अद्यावधिक गरी जिल्लाको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन, २०७४ तर्जुमा तथा प्रकाशन"** यस क्रियाकलापमा विनियोजन गरिएको कार्यक्रम वजेट रकम देहाय बमोजिम सञ्चालन गर्न सकिने छः–

- जिल्लाको बालबालिका सम्बन्धी सूचना र तथ्याङ्क सबै स्थानीय तह, जिल्ला स्थित सरोकारवाला निकाय र संघ संस्था समेतबाट संकलन गर्ने,
- जिल्लाको समग्र बालबालिकाको विद्यमान अवस्था र स्थितिलाई दुरुस्त हुने गरी प्रतिवेदन तयार गर्ने,
- अद्यावधिक गरिएको प्रतिवेदनलाई "... जिल्लाको बालबालिकाको स्थिति, २०७४" नाम दिई प्रकाशन गर्ने ।
- स्थानीय स्रोत वा अन्य स्रोत समेत प्राप्त हुने भएमा प्रतिवेदन संख्यामा वृद्धि गरी थप गुणस्तरीयता सहित वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ ।
- प्रतिवेदनको छापिएको ५ प्रति तथा छपाईको डिजाइन भएको अन्तिम इलेक्ट्रोनिक प्रति समेत केन्द्रीय बालकल्याण समितिमा पठाउनु पर्नेछ ।
- अन्य कुनै निकाय वा संस्थाबाट त्यस्तो स्रोत प्राप्त नभएमा वा सार्वजनिक वितरण गर्ने संख्यामा छपाई गर्न

नसकिएमा पनि अनिवार्य रुपमा "ई-प्रतिवेदन"का रुपमा तयार गरी कम्प्यूटर प्रिन्ट गर्ने गरी बालबालिका सम्बन्धी जिल्लाको समग्र सूचना र तथ्यांक अद्यावधिक गरी दोस्रो चौमासिकमा वार्षिक प्रतिवेदन प्रकाशन गरी सक्नु पर्नेछ ।

- प्रतिवेदनको "ई-कपी" केन्द्रीय बालकल्याण समितिमा पठाउनु पर्नेछ ।
- यसरी प्रकाशन गरिने वार्षिक प्रतिवेदनलाई जिल्लामा वितरण गर्ने र समितिको कार्यालयमा स्थापित गरिएको **बालबालिका सम्बन्धी सूचना तथा स्रोत केन्द्र**मा व्यवस्थित तथा सुरक्षित गरी समेत राख्नु पर्नेछ ।

## जिल्लाको बालबालिकासम्बन्धी स्थिति प्रतिवेदन, २०७४ प्रकाशनबाट गरिएको अपेक्षा

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३२ को उपदफा (५) र यसको नियमावली, २०५१ को नियम १२ बमोजिम प्रकाशन गरिने वार्षिक प्रतिवेदनमा सम्बन्धित जिल्लाका बालबालिकाको वास्तविक अवस्था चित्रण हुनेछ र यसले केन्द्र, संघ र स्थानीय तहमा बालबालिकाको नीति, कानून, योजना, कार्ययोजना तथा कार्यक्रम बनाई लागू गर्न सहयोग पुऱ्याउने छ । यस बाहेक राज्यका सबै सरोकारवाला निकायहरुलाई आवश्यक भएको बालबालिकासम्बन्धी तथ्याङ्क विवरण उपलब्ध गराई सबैलाई सक्रिय गर्न सहयोग पुग्नुको साथै देहाय बमोजिमको उपलब्धि हासिल गरिनेछ :–

बालअधिकार अनुगमन सूचकाङ्क फारामको ढाँचा समेतमा समेटने गरी प्रत्येक स्थानीय तहमा रहेका कूल बालबालिकाको तथ्याङ्क विवरण देहायबमोजिम हुने गरी संकलन तथा अद्यावधिक गरिनेछ :–

- कूल बालक र बालिकाको संख्या,
- दुबै बुवा आमा गुमाएका टुहुरा बालबालिकाको संख्या,
- बुवा आमा मध्ये एक गुमाएका र असहाय भएका बालबालिकाको संख्या,
- बुवा आमा दुबै भएर पनि असहाय तथा गरीब परिवारका विपन्नतामा रहेका बालबालिकाको संख्या,
- बैकल्पिक स्याहार अन्तर्गत नातेदार वा पारिवारिक वातावरणमा हुर्कि रहेका बालबालिकाको संख्या,
- कूल जन्म दर्ता भएका र नभएका बालबालिकाको संख्या,
- विद्यालय जाने र नजाने कूल बालबालिकाको संख्या,
- अपाङ्गता भएका बालबालिकाको संख्या,
- बालश्रममा संलग्न बालबालिकाको संख्या,
- स्थानीय तहमा आवासीय बालगृह सञ्चालनमा भए सोको संख्या र यस्ता बालगृहमा रहेका बालबालिकाको संख्या,
- गठन गरिएका तथा सञ्चालित बाल क्लबको संख्या, स्थानीय तहमा आवद्ध बाल क्लबको संख्या र बाल क्लबमा आवद्ध बालबालिकाको संख्या,
- दलित/लोपोन्मुख/जनजाती/आदिवासी जातीका बालबालिको संख्या,
- संरक्षक तोकिएका बालबालिकाको संख्या,
- सडक बालबालिकाको संख्या,
- बाल विवाह भएका बालबालिकाको संख्या,
- बेचविखन तथा ओसार पसारमा परेका बालबालिकाको संख्या,
- अपहरणमा परेका, सकुशल अपहरण मुक्त र ज्यान गुमाएका बालबालिकाको संख्या,
- बाल विज्याँइ (कानूनको विवादमा परेका)मा परेका बालबालिकाको संख्या,

- लागू औषध ओसार पसारमा संलगन तथा दुर्व्यशनी भएका बालबालिकाको संख्या,
- हराएका, हराएर फेला परेका तथा बेवारीस फेला परेका बालबालिकाको संख्या,
- विपदमा परेका तथा पीडित बालबालिकाको संख्या,
- छात्र वृत्ति प्राप्त गर्ने बालबालिकाको संख्या,
- ५-वर्ष मुनी खोप पाउने बालबालिकाको संख्या,
- विभिन्न हिंसा तथा यातनामा परेका बालबालिकाको संख्या,
- द्वन्द्व प्रभावित बालबालिकाको संख्या,
- एचआइभी संक्रमित र प्रभावित बालबालिकाको संख्या,
- शरणार्थी बालबालिकाको संख्या,
- आन्तरिक धर्मपुत्री, धर्मपुत्री भएर गएका र आएका बालबालिकाको संख्या,
- अन्तर देशीय धर्मपुत्र, धर्मपुत्री सिफारिस भई गएका बालबालिकाको संख्या र देश
- सम्बन्धित स्थानीय तहमा आर्थिक, सामाजिक, शैक्षिक र चेतनाका हिसाबले सबैभन्दा पछाडि रहेका घर परिवार/समुदाय/जातीका बालबालिकाको संख्या, (व्याख्याः बालबालिकाको हक अधिकारको प्रत्याभूति गर्न नियमित रुपमा स्थानीय तहले आवश्यकतानुसार बालबालिका स्वयम्को पालन पोषण, शिक्षा र उपचार लगायतको व्यवस्थापन गर्नुपर्ने बाध्यकारी अवस्था हुन्छ वा पारिवारिक सहयोग गरी परिवारको आय आर्जनको सुनिश्चितता गर्नु गराउनु पर्ने हुन्छ) ।

**कार्यसम्पादन सूचकाङ्क**

| क्र.सं. | विवरण | इकाइ | सूचकांक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | ...जिल्लाको बालबालिकाको स्थिति प्रतिवेदन, २०७४ प्रकाशन | प्रतिवेदन | प्रकाशित प्रतिवेदन, यसको प्रति संख्या र पृष्ठ संख्या | जिल्लाका प्रत्येक स्थानीय तहमा रहेका बालबालिकाको छुट्टाछुट्टै समग्र अवस्था, स्थिति, तथ्याङ्क विवरण, जानकारी आदि संकलन गरी एकीकृत विवरण भएको जिल्लाको बालबालिकाको वार्षिक स्थिति प्रतिवेदन प्रकाशन तथा वितरण भई बालबालिका सम्बन्धी कानून, नीति, योजना, कार्ययोजना र कार्यक्रम बनाउन सहयोग पुग्नेछ । सम्बन्धित सरोकारवालालाई बालबालिका सम्बन्धी विषयको ज्ञान, जानकारी र सूचना उपलब्ध भई सोको कार्यहरु कार्यान्वयनमा सहज हुने । |

६. **“प्रत्येक जिल्लाका माध्यामिकतहमा अध्ययनरत बालबालिकालाई बालअधिकारबारे सिर्जनात्मक सचेतना अभिवृद्धिका लागि तोकिएको विषयमा मावितहको जिल्लास्तरीय खुला निबन्ध प्रतियोगिता सञ्चालन, छनौट, पुरस्कार तथा प्रमाण-पत्र वितरण”**

यस क्रियाकलापमा विनियोजन गरिएको कार्यक्रम वजेट रकम रु. १६,०००/ **“बालमैत्री शासन : बालअधिकारको सम्मान”** विषयमा दुई हजार शब्दमा नबढ्ने गरी देहाय बमोजिम जिल्लास्तरीय खुल्ला निबन्ध प्रतियोगिता सञ्चालन गर्नेः–

- क
  क्षा ८, ९, १०, ११ र १२ मा जिल्लाभर अध्यनरत इच्छुक विद्यार्थीहरुलाई सम्बन्धित विद्यालयले विद्यालयमै २ घण्टाको समय दिई विद्यालयका सबै इच्छुक विद्यार्थीहरु बीचनिवन्ध प्रतियोगिता सञ्चालन गराई प्रथम छनौट भएको बालक वा बालिकाको निबन्धलाई जिल्ला बालकल्याण समितिमा सिफारिस गरी पठाउनु पर्नेछ ।
- ि
  वद्यालयले छनौट गरी पठाएका निबन्धहरुलाई जिल्ला बालकल्याण समितिले जिल्ला शिक्षा कार्यालय वा सम्बन्धित निकाय समेतको संलग्नतामा मूल्यांङ्कन गराई जिल्ला प्रथम, द्वितीय र तृतीय छनौट गर्ने ।
- ि
  जल्लाले गरेको छनौटमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. ५,०००/, ४,०००/, ३,०००/

अन्तर्राष्ट्रिय बालअधिकार दिवस नोभेम्बर २०, २०१७ (मंसिर ४, २०७४) का दिन नगद पुरस्कार र प्रमाण पत्र वितरण गर्ने ।

- पुरस्कार वितरण मंसिर ४ मा हुन नसकेमा यसै दिवसको स्मरणमा अन्य कुनै उपयुक्त दिन सार्वजनिक समारोहमा पुरस्कार वितरण गर्न व्यवस्था मिलाउन सकिने ।
- तर उल्लिखित दिवसका दिन पुरस्कार र प्रमाण-पत्र वितरण गर्न सकिएन भने पुरस्कृत भएको बालबालिकाको सम्बन्धित विद्यालयलाई पत्र लेखी, प्रतियोगीको पढाई लेखाईमा बाधा नपर्ने गरी वा सार्वजनिक विदाको दिन स्वयम् पुरस्कृत बालबालिकालाई यथासम्भव कार्यालयमै बोलाएर वा सम्बन्धित विद्यालयमै ढीलोमा दोस्रो चौमासिक भित्रै नगद पुरस्कार सहित प्रमाण-पत्र प्रदान गर्ने ।
- पुरस्कार रकममा नियमानुसारको २५ प्रतिशत करकट्टी गरी प्रदान गर्नुपर्ने ।
- यस कार्यक्रममा विनियोजन गरिएको बाँकी रकम रु. ४०००/ बाट कार्यक्रमको आयोजना, प्रमाण-पत्र छपाई सहित जिल्लास्तरीय निबन्ध प्रतियोगिताको सञ्चालन तथा छनौट कार्यको मूल्यांङ्कन कार्यमा संलग्न बढीमा ३ जनालाई खाजा खर्च वा निबन्धको कपी परीक्षण भत्ता वापत नियमानुसार प्रदान गर्ने ।
- जिल्ला स्तरीय निबन्ध प्रतियोगिता सञ्चालनको लागि जिल्ला शिक्षा कार्यालय वा जिल्ला समन्वय समितिमार्फत जिल्लाका सबै माद्यमिक विद्यालयलाई वा सम्बन्धित स्थानीयत तहको सम्बन्धित शाखालाई परिपत्र गरी सूचित गर्न आवश्यक समन्वय गर्ने र सोही बमोजिम निबन्धको कपी संकलन गर्ने व्यवस्था मिलाउने ।
- प्राप्त निबन्धहरु माद्यमिक तह वा सो भन्दा माथि अध्यापन गराउने नेपाली विषयको राम्रोज्ञान र सीप तथा जिल्लामा ख्याति कमाएको शिक्षक, जिल्ला शिक्षा कार्यालयको अधिकृतस्तर वा अन्य योग्य कर्मचारी र बालकल्याण अधिकारी वा बालअधिकारकर्मी सम्मिलित टोलीले मूल्याङ्कन गरी छनौट गर्ने ।
- छनौट भएर जिल्लामा प्रथम स्थान ल्याउन सफल तथा पुरस्कृत भएको निबन्ध सहित प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्ने सबै पुरस्कृत बालबालिकाको नाम, कक्षा र अध्ययनरत विद्यालय समेतको नाम समेत खुलेको प्रगति विवरण प्रत्येक जिल्ला बालकल्याण समितिले लिखित पत्रमार्फत केन्द्रीय बालकल्याण समितिमा पठाउनु पर्ने ।
- यस कार्यलाई स्थानीय श्रोत परिचालन गरी अन्य निकायसंगको सहकार्यमा अझ व्यापक रुपमा संचालन गर्न पनि सकिने छ ।

## जिल्ला स्तरीय खुला निबन्ध प्रतियोगिता सञ्चालनबाट गरिएको अपेक्षा

७५ रै जिल्लामा रहेका सबै माध्यमिक विद्यालयमा अध्ययनरत बालबालिकालाई बालअधिकार बारे जानकारी सिर्जनात्मक रुपमा सजिलै दिन सकिने र यस्ता कार्यक्रमले स्वस्फूर्त रुपमा बाल सहभागिता अभिवृद्धि हुन गई बालअधिकार सम्वर्धन गर्न सहयोग पुग्ने । जिल्ला स्तरीय खुल्ला निबन्ध प्रतियोगिताबाट देहाय बमोजिमको उपलब्धि हुनेछ :–

**कार्यसम्पादन सूचकाङ्क**

| क्रसं | विवरण | इकाइ | सूचकांक | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | जिल्लाका सबै माध्यमिक तहमा अध्ययनरत बालबालिका वीच जिल्ला स्तरीय खुल्ला निबन्ध प्रतियोगिता सञ्चालन | जना | निबन्ध प्रतियोगितामा छनौट भई पुरस्कृत हुने बालबालिका संख्या ३ जना | प्रत्येक जिल्लाका माध्यामिक तहमा अध्ययनरत सबै विद्यालयका इच्छुक बालबालिकालाई बालअधिकारबारे सिर्जनात्मक सचेतना अभिवृद्धिका लागि "**बालमैत्री शासनः बालअधिकारको सम्मान**" विषयमा जिल्ला स्तरीय खुला निबन्ध प्रतियोगिता सञ्चालन गरी छनौट भएका ३ जना बालबालिकालाई पुरस्कार तथा प्रमाण-पत्र वितरण भएका हुने । बालमैत्री व्यवहार, शासन र बालअधिकार विषयमा सबै बालबालिकामा सचेतना वृद्धि भई बालअधिकार सम्वर्धन भएको हुने |

७. **"भारतसँग सीमाना जोडिएका २३ जिल्ला र सिन्धुपाल्चोक जिल्लाको सिमानाकामा बालबालिका बेचविखन तथा ओसार पसार रोकथामका लागि प्रचार प्रसार, अन्तरक्रिया तथा समन्वय"** यस क्रियाकलापमा विनियोजन गरिएको कार्यक्रम वजेट रकम रु. ५०,०००/कार्यक्रम तोकिएको जिल्लामा देहायबमोजिम कार्यक्रम सञ्चालन गर्नेः–

- बालबालिका बेचविखन तथा ओसारपसारसम्बन्धी कानूनी व्यवस्थाको दण्ड सजायसमेतको गत वर्ष उत्पादन गरिएको वा परिमार्जित सन्देशलाई विभिन्न स्थानीय एफ.एम. रेडियोहरुसँग नियमानुसार सम्झौता गरी प्रसारण गर्न, रु. १५,०००/
- जिल्लाका सरोकारवाला निकायहरु(विशेष गरी नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीयत तह लगायत बालबालिका बेचविखन तथा ओसारपसार रोकथाममा क्रियाशील संघसंस्थाहरुसँग **बालबालिका बेचविखन तथा ओसारपसार रोकथाम एवम् नियन्त्रण**को लागि एक दिने समन्वयात्मक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न रु.१५,०००/,
- बालबालिका बेचविखन तथा ओसारपसार विरुद्धको सचेतना स्थानीय तहसम्म पुऱ्याउन आवश्यक संख्यामा पर्चा, पम्पलेट प्रकाशन गरी सबै स्थानीय तहमा वितरण गर्न र जिल्लाका प्रत्येक सीमानाकामा आवश्यक थप होर्डिङ्ग बोर्ड वा सूचना पाटी समेत राख्न रु. २०,०००/ सम्म निकासा खर्च गर्ने ।

**बालबालिका बेचविखन तथा ओसार पसरा रोकथामका लागि प्रचार प्रसार, अन्तरक्रिया तथा समन्वय कार्यक्रम सञ्चालनबाट गरिएको अपेक्षा**

नेपालको संविधानको  धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको संवैधानिक मन्यता दिएकोछ । धारा ३९ कै उपधारा (५) मा कुनै पनि बालबालिकालाई गैरकानूनी ओसार पसार गर्न पाइने छैन भनी उल्लेख गरिएको छ । भारतसँग सीमानाका जोडिएका २३ जिल्ला र चीनसँग सीमानाका जोडिएको सिन्धुपाल्चोक जिल्लाको सीमानाकाको गत विगत वर्षमा पहिचान गरिएका सीमानाकाका **सम्बन्धित स्थानीय तह**, कार्यरत निकाय, संघ संस्थाहरुको संयुक्त प्रयासमा बालबालिका बेच विखन तथा ओसार पसारको कार्यलाई रोकथाम, नियन्त्रण तथा निषेध गर्न अन्तरक्रिया कार्यक्रम सञ्चालन, कानूनी व्यवस्था कार्यान्वयका लागि प्रचार प्रसार, प्रसारण तथा सरोकारवालाहरुसँग प्रभावकारी समन्वय गरी बालबालिकाको संरक्षण र सम्वर्धन कार्यमा सहयोग पुगेको हुने र यस कार्यक्रम सञ्चालनबाट देहाय बमोजिमको उपलब्धि हासिल हुनेछ :–

**कार्यसम्पादन सूचकाङ्क**

| क.सं. | कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन गरिएको स्थान वा निकायको नाम र संख्या | | | लाभान्वित संख्या | | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| | | सीमानाका | स्थानीय | संख्या | महिला | पुरुष | |

| | | को नाम | तहको नाम | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिका बेच विखन तथा ओसार पसार रोकथाम, न्यूनीकरण, नियन्त्रण र निषेधका लागि सञ्चालन गरिने क्रियाकलापहरु | | | | | | सम्बन्धित जिल्लाको सरोकारवाला निकाय सहित जिल्लाका सबै सीमानाकामा कार्यरत निकाय र संघ संस्थाहरु बीच प्रभावकारी समन्वयका लागि अन्तरक्रिया कार्यक्रम वा छलफल बैठक, कानूनी व्यवस्थाहरु बारे पर्चा पम्पलेट निर्माण र वितरण, होर्डिङ बोर्ड टाँस, सन्देश एफ.एम. रेडियोबाट प्रसारण गरी बालबालिका बेच विखन तथा ओसार पसार नियन्त्रण भएको हुने |
| २ | अन्तरक्रिया बैठक वा समन्वय बैठक | | | | | | सीमानाकामा कार्यरत संघ संस्था, स्थानीय तह जिल्लास्तरका सरोकारवालाहरुको ....... जना सहभागी रहेको जिल्ला/नगर/गाउँस्तर अन्तरक्रिया बैठक गरिने र यसबाट बालबालिका बेचविखन तथा ओसार पसार रोकथाम कार्य गर्न सबैको सक्रियता बढेको हुने । यस विषयमा सबै तहमा सचेतना अभिवृद्धि भई बालबालिका बेच विखन र ओसार पसारमा कमी आएको हुने |
| ३ | कानूनी व्यवस्था बारे प्रचार प्रसार गर्न पर्चा पम्पलेट निर्माण गरी वितरण | | | | | | वितरण गरिएको पर्चा, पम्पलेटको संख्या......... हुने र यसबाट बालबालिका बेचविखन तथा ओसार पसार रोकथाम कार्य गर्न सबैको सक्रियता बढेको हुने । |
| ४ | सन्देश मूलक जानकारी प्रसारण | | | | | | एफ.एम. रेडियोबाट ...... विषयको सन्देश ....... पटक प्रसारण गरिने र यसबाट बालबालिका बेचविखन तथा ओसार पसार रोकथाम कार्य गर्न सबैको सक्रियता बढेको हुने । |
| ५ | होर्डिङ बोर्ड टाँस | | | | | | .....सीमानाकामा .... संख्यामा होर्डिङ बोर्ड टाँस गरिएको हुने र यसबाट बालबालिका बेचविखन तथा ओसार पसार रोकथाम कार्य गर्न सबैको सक्रियता बढेको हुने । |

८. **"कर्णाली अञ्चल लगायत पिछडिएको क्षेत्रका बालबालिका संरक्षणका निम्ति पारिवारिक सचेना कार्यक्रम"** कार्यक्रम सञ्चालन गरिने हुम्ला, जुम्ला, कालीकोट, मुगु, डोल्पा, अछाम, बाजुरा, बझाङ र जाजरकोट जिल्लाका लागि प्रति जिल्ला रु. २,००,०००/ विनियोजन गरिएको कार्यक्रम देहाय बमोजिम हुने गरी कार्यक्रम सञ्चालन गर्ने :–

- ि

  जल्ला बालकल्याण समितिले गत आ.व. २०७२/०७३ र आ.व. २०७३/०७४ मा यो कार्यक्रम सञ्चालन गरी सकेका तत्कालीन स्थानीय निकाय वा गाउँ, टोल, वर्ग वा समुदायमा परेको प्रभाव अवस्था र अनावश्यक रुपमा बुवाआमा छदाछदै बालबालिकालाई जिल्ला बाहिर काठमाडौं सम्मका बालगृहमा पठाउने प्रवृत्ति समेतको विश्लेषण तथा मूल्याङ्कन गरी तुलनात्मक रुपमा बालअधिकारबारे सचेतना कमी भएका अन्य सबै स्थानीय तह. वा स्थानीय तहका वडा मध्ये **बाल संरक्षण र बालअधिकार सचेतना**का हिसावले सबैभन्दा

पछाडि परेका, उल्लिखित दुबै आर्थिक वर्षमा कार्यक्रम सञ्चालन गर्न बाँकी रहेकालाई पहिलो प्राथमिकता दिई जिल्लाका अन्य **स्थानीय तहको समेत गरी कम्तीमा छुट्टाछुट्टै १० वटा वडाहरु** छनौट गर्ने ।

- छनौट गरिएका सम्बन्धित स्थानीय तहका पदाधिकारी, सो क्षेत्रमा रहेका सरकारी निकाय, गैसस, गाउँ/नगर बाल संरक्षण समिति, आमा समूह, स्वास्थ्य स्वयम् सेविका, विद्यालय व्यवस्थापन समिति, शिक्षक, वन उपभोक्ता समिति, बालक्लवबाट बढीमा २० जना र प्रत्येक वडाको लक्षित परिवारको कम्तीमा एक जना सदस्य समेत रहने गरी कम्तीमा ४० जना सहभागी हुने गरी एक दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने र यस्तो अन्तरक्रिया कार्यक्रममा एक पटक वा एउटा अन्तरक्रियाका लागि बढीमा रु. १५,०००/ सम्म आवश्यक खर्च व्यवस्थापन गर्ने ।
- केही स्थानमा लक्षित परिवारका अभिभावकहरुको भेला गरी सडक नाटक, गीत संगीत वा लोक दोहरी गीत आदिको प्रतियोगितात्मक प्रस्तुति लगायत उचित माध्यमबाट समेत अन्तरक्रिया कार्यक्रम गर्न सकिनेछ ।
- कार्यक्रम सञ्चालन गर्न कुनै संस्था, समूह वा बालक्लबसँग सहकार्य गर्न पनि सकिनेछ ।
- अन्तरक्रिया कार्यक्रमका छलफलका विषयहरुः– १) बाल संरक्षण र बालअधिकार सम्वर्धनमा स्थानीय तहको भूमिका, २) बालबालिकाको संरक्षणमा बुवाआमा, परिवार, विद्यालय र समुदायको भूमिका तथा विद्यमान कानूनी व्यवस्था (मूलतः नेपालको संविधानको धारा ३९ मा भएका संवैधानिक व्यवस्थाहरुको कार्यान्वयन, स्थानीतह सञ्चालन सम्बन्धी व्यवस्था), ३) बाल संरक्षणका लागि आवासीय बालगृह अन्तिम विकल्प मात्र हो, ४) परिवार भएका बालबालिकालाई बालगृहमा पठाउने प्रवृत्तिलाई निरुत्साहन गरौं, ५) परिवारसँग केही पैसा लिएर वा नलिई झूटो बोलेर बालबालिकालाई शहरमा पढ्न पठाई दिने भन्ने मानिसहरुसँग सतर्क रहौं, ६) नेपालको संघीय शासन प्रणालीमा बाल संरक्षण र बालअधिकार सम्वर्धन गर्ने दायित्व अन्तर्गत स्थानीय तहको लागि आवश्यक हुने कानून सम्बन्धी छलफल, ७) बाल विकासको सन्दर्भमा सुनौला हजार दिन (1000-Golden Days) को महत्व र जानकारी, ८) प्रारम्भिक बाल विकासमा अभिभावक तथा शिक्षकले ध्यान दिनुपर्ने कुराहरु, ९)बालसंरक्षणमा परिवारको दायित्व बढाउनेबारे स्थानीय आवश्यकतानुसारका विषयबस्तु समावेश गर्ने ।
- अन्तरक्रिया कार्यक्रममा आवश्यक हुने माथि उल्लिखित विषयहरुमा सम्बन्धित क्षेत्र हेर्ने **बालअधिकार स्रोत व्यक्ति, बालकल्याण अधिकारी, बाल संरक्षण अधिकृत, बालअधिकारकर्मी** वा **विषय सहजकर्ता**बाट प्रस्तुती गर्न लगाएर सामूहिक छलफल गराएर अपनत्व ग्रहण गराउनु पर्नेछ । अन्तरक्रियामा सकभर बढीभन्दा बढी लक्षित वर्ग सहभागी हुने वातावरण सिर्जना गरी नेपाल सरकारको आर्थिक कानूनको पालना गरी कार्यक्रम खर्च (भ्रमण खर्च वा स्रोत व्यक्ति खर्च, खाजा, चिया, व्यानर आदि) निकासा भुक्तानी गर्नु गराउनु पर्नेछ । कार्यक्रमलाई अझबढी व्यापक बनाउन आवश्यक हुने थप खर्च स्थानीय तहको स्रोत साधन परिचालनबाट समेत परिपूर्ति गर्न सकिनेछ ।
- पारिवारिक सचेतना सन्देश प्रसारण गर्ने : जिल्लाको एक वा एक भन्दा बढी एफ.एम. रेडियोसँग नियमानुसार सम्झौता रु. ५०,०००/ हजारमा नबढने गरी देहायको सन्देश प्रसारण गर्ने :–
- १) बालबालिकाको उचित पालन पोषण र लेखाई पढाईको व्यवस्था गर्नु बुवाआमाको पहिलो कर्तव्य हो २) छोरा र छोरीमा विभेद गर्नु हुँदैन, विभेद गर्नु सामाजिक र कानूनी अपराध हो ।

- ३) बुवाआमा दुबै हुने वा बुवा आमा मध्ये एक जिवितै हुने बालबालिकालाई बाल गृहमा राख्नु बालअधिकार हनन हो, प्रचलित कानून विपरीत हो, यसकारण यस्तो कार्य गर्न र गराउनमा जो कोही पनि सहभागी नबनौं । बुवा आमा नभएका बालबालिकालाई पनि घर परिवार वा नातेदारको परिवारमै हुर्काउने गरौं र बालअधिकारको सम्मान गरौं ।
- ४) गर्भ वस्नु अघि र  शिशु जन्मी सकेको दुई वर्षसम्म आमा र शिशुको विशेष ख्याल र संरक्षण गरौं, किनभने शिशुको ८० प्रतिशत दिमागको विकास तीन वर्षको उमेर भित्रै हुन्छ ।
- ५) बाल विवाह नगरौ, बीस वर्ष उमेर पुगे पछि मात्र विवाह गरी कानूनको पालना गरौं ।
- ६) बालबालिकालाई श्रममा हैन, विद्यालयमा पठाऔं ।
- ७) कुनै पनि बहानामा बालबालिकालाई विद्यालयबाट बीचमै नछुटाऔं ।
- ८) बालबालिकाको संरक्षण, बिकासका लागि स्थानीय तहबाट लगानी बढाऔं, हाम्रा बालबालिकालाई आफ्नै घरआगनमा सक्षम बनाउऔं
- केन्द्रीय बालकल्याण समितिबाट बिगमा तयार गरिएका सूचनाहरु पनि प्रसारण गर्न सकिने छ ।
- जिल्ला बालकल्याण समितिले कार्यक्रम सञ्चालनसम्बन्धी एकीकृत प्रगति प्रतिवेदन तयार गरी एकप्रति जिल्ला बालकल्याण समितिमा राखी त्यसको अर्को एकप्रति केन्द्रीय बालकल्याण समितिमा पठाउनु पर्नेछ ।
- छलफल, अन्तरक्रिया, सचेतना कार्यक्रम लगायतमा सहभागीको भनाई, अवस्था र प्रतिबद्धताको क्रियाशीलताको प्रभाव मूल्याङ्कन गर्ने ।

## कर्णाली अञ्चल लगायत पिछडिएको क्षेत्रका बालबालिका संरक्षणका निम्ति पारिवारिक सचेतना कार्यक्रम सञ्चालनबाट गरिएको अपेक्षा

कर्णाली अञ्चलका ५, सेती अञ्चलका ३ र भेरी अञ्चलको १ गरी ९ वटा पिछडिएका क्षेत्रका जिल्लाहरु हुम्ला, जुम्ला, कालीकोट, मुगु, डोल्पा, अछाम, बाजुरा, बझाङ र जाजरकोटका परिवारमा देहाय बमोजिमको बालअधिकार सचेतना अभिवृद्धि भई बालअधिकार संरक्षण र सम्वर्धनमा सहयोग पुगेको हुनेछ :–

- बालबालिकाको पालन पोषण बुवाआमा वा परिवारले नै गर्नु पर्ने दायित्व बोध भएको हुने,
- बालअधिकारबारे जानकार भएको हुने,
- बुवाआमा हुँदाहुँदै बाल गृहमा पठाउने प्रवृतिको सोचमा परिवर्तन आई परिवारमै बालबालिका हुर्काउनु पर्ने आवश्यकताको बुझाईमा सकारात्मक परिवर्तन भएको हुने,

- सुनौलो हजार दिनमा आमा र शिशुलाई परिवारबाट गर्नुपर्ने स्याहार र पोषण लगायतको विषयको महत्व, आवश्यकता र जिम्मेवारी बोध भएको हुने,
- बालबालिका सम्बन्धी कानूनी व्यवस्था बारे जानकार भएको हुने,
- बालबालिकाका लागि स्थानीय तह देखि सम्बन्धित सरोकारवाला निकायको भूमिका बारे जानकार भएको हुने,
- बालबालिकाको भविष्य निर्माणमा अभिभावक, शिक्षक र परिवारकै अहम भूमिका र दायित्व हुने भएकोले समयमै आ-आफ्नो दायित्वप्रति सचेत र सजग भएको हुने,
- बालबालिकामा विभेद गर्नु अपराध हो भन्ने प्रतिबद्धता लिई प्रतिबद्ध भएको हुने ।

**कार्यसम्पादन सूचकाङ्क**

| क्र. सं. | कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन गरिएको स्थानीय निकायको वडा, गाउँ वा नगरको नाम र संख्या | | | लाभान्वित संख्या | | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय निकायको नाम | वडा, गाउँ वा नगरको नाम | स्थानीय तहको संख्या | महिला | पुरुष | |
| १ | पारिवारिक सचेतनाको लागि सम्बन्धित स्थानीय तहमा सरोकारवाला निकाय र परिवार बीच अन्तरक्रिया | | | | | | सम्बन्धित स्थानीय तहको सरोकारवाला निकाय सहित वडामा रहेका परिवारका …….. जना सदस्यहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम भएको हुने |
| २ | सन्देश मूलक जानकारी प्रसारण | | | | | | एफ.एम. रेडियोबाट …… विषयको सन्देश ……. पटक प्रसारण गरिने र यसबाट कर्णाली अञ्चल लगायतका पिछडिएको क्षेत्रमा बालअधिकार सचेतना विषयमा अभिवृद्धि भएको हुने |

९. **"बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियान"** यस क्रियाकलापमा विनियोजन गरिएको कार्यक्रम वजेट रकम प्रति जिल्ला रु. ५०,०००/ का दरले झापा सुनसरी, मोरङ, उदयपुर, ओखलढुङ्गा, सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, मकवानपुर, रौतहट, बारा, पर्सा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, मुगु, डोल्पा, हुम्ला, जुम्ला, कालीकोट, रुकुम, रोल्पा प्यूठान, दाङ, सल्यान, बाँके, बर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला, बैतडी, डडेल्धुरा  र कन्चनपुर गरी ४० जिल्लाहरुमा देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ :–

- जिल्ला बालकल्याण समितिले जिल्लामा आ.व. २०७२/०७३ र आ.व. २०७३/०७४ मा बाल विवाह रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन गरेका तत्कालीन स्थानीय निकाय वा गाउँ, टोल, वर्ग वा समुदायमा परेको प्रभाव अवस्था र स्वयम् किशोरीर किशोरको दृष्टिकोणबाट बाल विवाहप्रति विकसित विचार तथा अवस्था समेतलाई विश्लेषण र मूल्याङ्कन गरी सरोकारवाला निकाय तथा संघसंस्थाहरुको समन्वय, सहयोग र सहकार्यमा

जिल्लाका कार्यक्रम सञ्चालन गर्न बाँकी रहेका सबै स्थानीय तह वा तहका वडाहरुमध्ये **बाल विवाह बढी हुने** र **बालअधिकार सम्बन्धी सचेतना** कमि भएका **कम्तीमा ५ स्थानीय तहका ५ वडा** छनौट गरी बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियान सञ्चालन गर्ने ।

- अभियान कार्यक्रममा सम्बन्धित बाल विवाह बढी हुने स्थानीय तहका पदाधिकारी, सो क्षेत्रमा रहेका सरकारी निकाय, गैसस, गाउँ/नगर बाल संरक्षण समिति, आमा समूह, स्वास्थ्य स्वयम् सेविका, विद्यालय व्यवस्थापन समिति, शिक्षक, वन उपभोक्ता समिति, बालक्लव, माध्यामिक तहको कक्षा ८,९,१०,११,१२ मा अध्ययनरत बालबालिका र लक्ष्यित परिवारको एक सदस्य सहभागी हुनेगरी कम्तीमा ४० जनालाई बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियानसम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- साथै बालविवाहका विरुद्ध खास गरी बाल विवाह बढी हुने बस्तीमा ऱ्याली वा केही स्थानमा अभिभावकहरुको भेला गराई प्रतियोगितात्मक सडक नाटक, गीत संगीत, लोक दोहरी गीत आदि सहित अन्तरक्रिया कार्यक्रम गर्न सकिनेछ । यसका लागि कुनै संस्था वा बालक्लबसँग सहकार्य गर्न पनि सकिनेछ । स्थानीय अभिभावक तथा किशोर किशोरीहरु भेला गराई बालविवाह पछि बालिकाको स्वास्थ्यमा पर्ने शारीरिक र मानसिक असरबारे स्थानीय स्वास्थ्यकर्मी, कानूनी पक्षका बारेमा प्रहरी वा अन्य र पढाई लेखाई तथा आर्थिक अवस्था खस्कन सक्ने अवस्था बारे सहजकर्ता वा शिक्षक, धर्ममा पनि बालबालिकाको विवाह गर्ननहुनेबारे धार्मिक गुरु लगायतबाट स्पष्ट कुरा प्रस्तुत गर्न लगाउनु पर्नेछ ।
- यस अभियान अन्तर्गत सरोकारवालाहरु बीच कम्तीमा पाँचवटा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न रु. ३०,०००/ मा नबढाई व्यवस्थापन गर्नु पर्नेछ ।
- अन्तरक्रिया कार्यक्रमका छलफलका विषयहरुः १) बालबालिका संरक्षण र बालअधिकार सम्बर्धनमा अभिभावकको भूमिका, २) बाल विवाहका कारणले बालबालिकामा हुने शारीरिक र मानसिक हानि तथा असरहरुः कम उमेरमा बच्चा जन्माउनु आमा र बच्चाका लागि अति जोखिम हुने, ३) समग्र शैक्षिक उन्नति प्रगतिमा पर्ने असरहरुः पढाई लेखाई राम्ररी गर्न नसकिने, ४) बाल विवाह रोकथाममा बुवाआमा, परिवार, पुरोहित पण्डित, विद्यालय, शिक्षक, समुदाय र स्थानीय तहको भूमिका, ५) विद्यमान कानूनी व्यवस्था ।
- अन्तरक्रिया कार्यक्रममा आवश्यक हुने उल्लिखित विषयहरुमा सम्बन्धित क्षेत्र हेर्ने बालअधिकार स्रोत व्यक्ति, बालकल्याण अधिकार, बाल संरक्षण अधिकृत, बालअधिकारकर्मी वा विषय सहजकर्ताबाट प्रस्तुती गर्न लगाएर सामुहिक छलफल गराएर अपनत्व ग्रहण गराउनु पर्नेछ ।
- यस कार्यक्रममा सकभर बढीभन्दा बढी सहभागी हुने वातावरण सिर्जना गराई, नेपाल सरकारको आर्थिक कानून परिपालना गरी कार्यक्रम खर्च (भ्रमण खर्च वा स्रोत व्यक्ति खर्च, खाजा, चिया, व्यानर आदि) निकासा भुक्तानी गर्नु गराउनु पर्नेछ । थप आवश्यक हुने खर्च स्थानीय तहस‘‘गको सहकार्य वा स्थानीय स्रोत समेतबाट व्यवस्थापन गर्न सकिने छ ।
- बाल विवाह रोकथाम तथा न्यूनीकरणका निम्ति स्थानीय एफ.एम. रेडियोसँग नियमानुसारको सम्झौता गरी स्थानीय भाषा समेतमा उत्पादन गरिएकासन्देशहरु प्रसारण गर्न रु. २०,०००/:जस्तै “कसैले पनि बीस वर्षभन्दा मुनिको उमेरमा छोरा छोरीको विवाह गर्नु हुँदैन । बीस वर्ष भन्दा मुनिको उमेरमा विवाह गरेमा

शारीरिक र मानसिक विकासमा बाधा पुग्दछ भने पढाई लेखाई पनि विग्रन्छ । झन अठार वर्ष मुनिकै उमेरमा विवाह गर्नु भनेको बाल विवाह हो । बाल विवाह गर्नु, गराउनु कानूनी अपराध भएकोले यसरी बाल विवाह गर्ने र गराउनेलाई कानून बमोजिमको दण्ड र सजाय गरौं । यसकारण बाल विवाह गरेको वा गर्ने सूचना वा जानकारी भएमा नजिकको प्रहरी कार्यालय (निःशुल्क नं. १०४ वा १००) वा वा निःशुल्क बाल हेल्पलाइन नं. १०९८ (दश, नौ, आठ) वा सम्बन्धित स्थानीय तह वा सोको वडा कार्यालय वा जिल्ला बालकल्याण समितिमा तुरुन्त खबर गरौं ।" "बालअधिकारको सम्मान र संरक्षण गर्न बाल बिवाह रोकौं ।" जिल्ला बालकल्याण समिति....... ।

- f
  जल्ला बालकल्याण समितिले बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियान सञ्चालन कार्यक्रमको एकीकृत प्रगति प्रतिवेदन तयार गरी एकप्रति जिल्ला बालकल्याण समितिमा राखी त्यसको अर्को एकप्रति केन्द्रीय बालकल्याण समितिमा पठाउनु पर्नेछ ।
- f
  जल्लामा बाल विवाह रोक्न महत्वपूर्ण योगदान गरेका नागरिक, अभिभावक वा बालबालिका पदाधिकारीलाई सम्मान-पत्रद्वारा सम्मान गरी दीर्घकालीन उत्प्रेरणा तथा प्रोत्साहन गर्न गराउन सकिनेछ ।

## बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियान सञ्चालनबाट गरिएको अपेक्षा

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको संवैधानिक मान्यता दिएकोछ । धारा ३९ कै उपधारा (५) मा कुनै पनि बालबालिकाको बाल विवाह गर्न पाइने छैन भनी उल्लेख गरिएको छ । नेपाल सरकारले बाल विबाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ जारी गरी लागू गरेकोछ । यसरी बाल विवाह बढी हुने नेपालका विभिन्न ४० जिल्लाहरुमा बाल विवाह रोकथाम, न्यूनीकरण, नियन्त्रण र निषेध गर्न, बाल विवाहबाट हुन सक्ने शारीरिक, मानसिक हानि, आर्थिक, समाजिक समस्याको जानकारी सबैमा पुऱ्याई कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन भई बाल विवाहमा कमी आएको हुनेछ । बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियान सञ्चालनबाट देहायको उपलब्धि हासिल हुनेछ :–

**कार्यसम्पादन सूचकाङ्क**

| क्र. सं. | कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन गरिएको स्थानीय निकायको वडा, गाउँ वा नगरको नाम र संख्या | | | लाभान्वित संख्या | | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय निकायको नाम | वडा, गाउँ वा नगरको नाम | स्थानीय तहको संख्या | महिला | पुरुष | |
| १ | बाल बिवाह रोकथाम तथा न्यूनीकरण अभियान | | | | | | सम्बन्धित स्थानीय तहको सरोकारवाला निकाय सहित वडामा रहेका परिवार, विद्यालय, किशोर किशोरी समेत गरी ........ जना सदस्यहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम भएको हुने |
| २ | सन्देश मूलक जानकारी प्रसारण | | | | | | एफ.एम. रेडियोबाट ...... विषयको सन्देश ....... पटक प्रसारण गरिने र यस विषयमा सबै तहमा सचेतना अभिवृद्धि भई बाल विवाह रोकथाममा कमी आएको हुने |

१०. **“बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटना रोकथाम तथा न्यूनीकरणसचेतना कार्यक्रम”** प्रति जिल्ला रु. ५०,०००/ का दरले यो कार्यक्रम सिन्धुली, कास्की, काठमाडौं सिन्धुपाल्चोक, नवलपरासी, सुर्खेत, रुकुम, सप्तरी, पर्सा, कैलाली, भक्तपुर, रौतहट, धनकुटा, काभ्रेपलाञ्चोक, सुनसरी, सिरहा, ललितपुर, स्याङजा, बाँके, मोरङ, धनुषा, दाङ, सर्लाही र बारा गरी २४ जिल्लाहरुमा यौन दुर्व्यवहार बारे सबैलाई सचेतीकरण गर्न देहाय बमोजिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ :–

- जिल्ला बालकल्याण समितिले सरोकारवाला निकाय (विशष गरी जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन र जिल्ला समन्वय समिति) तथा संघ संस्थाहरुको समन्वय, सहयोग, सहकार्य र सहभागिता (कम्तीमा ४० जना प्रतिनिधिहरु) हुने गरी जिल्लातहमा “बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटना रोकथाम तथा न्यूनीकरणका लागि सचेतना कार्यक्रम” सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने वा कम्तीमा पाँच वटा समूदायमा वा गाउँ वा स्थानीय तहका अभिभावक भेला गरी बालयौन दुर्व्यवहार जो कसैबाट हुन सक्ने भएकाले सतर्क, सजग रहन र बालबालिकाको कुरा सुन्नुपर्ने लगायतका विषयमा अभिभावकको महत्वपूर्ण भूमिका हुने कुराको जानकारी सम्बन्धी अन्तरक्रिया बैठक गर्न रु. २०,०००/ ।
- अन्तरक्रिया कार्यक्रमका छलफलका विषयहरुः १) बालबालिका र बालअधिकार संरक्षण तथा सम्बर्धनमा अभिभावकको भूमिका । २) जिल्लाभित्र घटेका बालयौन दुर्व्यवहार र बलात्कारसम्बन्धी घटनाहरुको एक झलक ३) बालयौन दुर्व्यवहार भनेको केहो ? ४) बालयौनदुर्व्यवहार र बलत्कारका घटना रोकथाम तथा सजायसम्बन्धी विद्यमान कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था । ५) बालयौन दुर्व्यवहार रोकथामका लागि अभिभावक, परिवार, विद्यालय तथा शिक्षकको भूमिका । यस्ता घटना घटेको थाहा पाएमा नेपाल प्रहरीको जिल्ला जिल्लामा रहेको आकस्मिक निःशुल्क टेलिफोन नं. १०४ वा १००, बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ (दश, नौ, आठ), स्थानीय तह वा तहको वडा कार्यालय वा जिल्ला बालकल्याण समितिमा खबर गर्न सकिने सूचना प्रवाह गर्ने । यसता घटना आपसी मिलेमतोमा लुकाउने होइन, एक जना बालबालिकालाई बालयौन दुर्व्यवहार गर्नेलाई कारवाही नगरे उस्ले अन्य थुप्रै बालबालिकालाई दुर्व्यवहार गर्नसक्छ भन्ने जानकारी पनि प्रवाह गर्ने ।
- अन्तरक्रिया कार्यक्रममा आवश्यक हुने उल्लिखित विषयहरुमा बालअधिकार स्रोत व्यक्ति, बालकल्याण अधिकारी, बाल संरक्षण अधिकृत, बालअधिकारकर्मी वा विषय सहजकर्ताबाट प्रस्तुती गर्न लगाएर सामूहिक छलफल गराएर अपनत्व ग्रहण गराउनु पर्नेछ । सकभर बढीभन्दा बढी सहभागी हुने वातावरण कायम गरी, नेपाल सरकारको आर्थिक कानून पालना गरी कार्यक्रम खर्च (भ्रमण खर्च वा स्रोत व्यक्ति खर्च, खाजा, चिया, व्यानर आदि) उपलब्ध गर्नु गराउनु पर्नेछ । अन्य आवश्यक हुने खर्च सम्बन्धित स्थानीय तहसँगको सहकार्य र स्रोत साधन परिचालनबाट परिपूर्ति गर्न सकिनेछ ।
- बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटना रोकथाम तथा न्यूनीकरण”का निम्ति प्रभावकारी रुपमा सञ्चालनमा रहेको स्थानीय एफ.एम. रेडियोसँग नियमानुसारको सम्झौता गरी, बाल यौन दुर्व्यवहार र बलात्कारका घटना रोकथाम तथा न्यूनीकरण सम्बन्धी उत्पादित सन्देशहरु त्था स्थानीय भाषामा समेत उत्पादन गरी प्रसारण गर्न रु. ३०,०००/: सन्देश यस्तो हुन सक्ने : “घरपरिवार, बाटोघाटो, विद्यालय तथा अन्य कुनै पनि स्थानमा बालबालिकालाई यौन दुर्व्यवहार हुनबाट बचाऔं, बालअधिकारको सम्मान र संरक्षण गरौं ।” “बालिका बलात्कार हुनु एक जघन्य बाल अपराध हो, यस्ता अपराधीलाई कानूनले तोके बमोजिमको दण्ड सजाय गर्न तुरुन्तै नेपाल प्रहरीको निःशुल्क टेलिफोन नं. १०४ र १०० वा बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ (दश, नौ, आठ) वा सम्बन्धित स्थानीय तह वा तहको वडा कार्यालय वा जिल्ला

बालकल्याण समितिमा खबर गरौं । “बाल यौन दुर्व्यवहारका घटना आपसी मिलेमतोमा लुकाउने होइन, एक जना बालबालिकालाई बालयौन दुर्व्यवहार गर्नेलाई कारवाही नगरे उस्ले अन्य थुप्रै बालबालिकालाई दुर्व्यवहार गर्नसक्छ, बालबालिकाको संरक्षण गरौ, अपराधीलाई कारवाही गरौ ।” “बालयौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुन सक्छ त्यसैले बालबालिकाका कुरा सुनौ, बालदुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौ ।” “………………………।” ………… जिल्ला बालकल्याण समिति……… ।

- “
  **बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटना**हरु भएको जानकारी आएमा बालबालिकाको संरक्षण र आवश्यक कारवाहीका लागि तत्काल सहजिकरण, सहयोग गर्ने, घटनाहरुको विवरण राख्ने ।
- ि
  जल्ला बालकल्याण समितिले “बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटना रोकथाम तथा न्यूनीकरणका लागि सचेतना कार्यक्रम”को एकीकृत कार्य सम्पन्न प्रतिवेदन तयार गरी एकप्रति जिल्ला बालकल्याण समितिमा राख्ने र त्यसको अर्को एकप्रति केन्द्रीय बालकल्याण समितिमा पठाउनु पर्नेछ ।

## बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटना रोकथाम तथा न्यूनीकरण सचेतना कार्यक्रम सञ्चालनबाट गरिएको अपेक्षा

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको संवैधानिक मान्यता दिएकोछ । धारा ३९ कै उपधारा (६) मा कुनै पनि बालबालिकालाई दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन भनी उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालनबाट बढ्दो बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटना सम्बन्धी जानकारी गराई, कानूनी व्यवस्थाको प्रभावकारी कार्यानवयन गर्न गराउन सरोकारवाला निकाय तथा सर्वसाधारणलाई जागृत गरी, बालबालिकाको संरक्षण र सम्वर्धमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै कार्यक्रमबाट देहायको उपलब्धि हासिल हुनेछ :–

**कार्यसम्पादन सूचकाङ्क**

| **क्र. सं.** | **कार्यक्रमको विवरण** | **कार्यक्रम सञ्चालन गरिएको स्थानीय निकायको वडा, गाउँ वा नगरको नाम र संख्या** | | | **लाभान्वित संख्या** | | **अपेक्षित उपलब्धि** |
|---|---|---|---|---|---|---|---|
| | | **स्थानीय निकायको नाम** | **वडा, गाउँ वा नगरको नाम** | **स्थानीय तहको संख्या** | **महिला** | **पुरुष** | |
| १ | बाल यौन दुर्व्यवहार र बलात्कारका घटना रोकथाम तथा न्यूनीकरण सचेतना कार्यक्रम | | | | | | जिल्लास्तर/स्थानीय तहमा ….. सरोकारवाला निकाय तथा संघ संस्थाका ….जना सहभागी हुने गरी सञ्चालन गरिएको अन्तरक्रिया वा बैठकबाट बाल यौन दुर्व्यवहार र बलात्कारका घटना घटन नदिन पहल भएको हुने र घटित घटनाको कानूनी कारबाहीमा प्रभावकारीता आएको हुने, प्रभावित बालबालिकाको संरक्षणका लागि आवश्यक सहयोग, समन्वयमा वृद्धि भएको हुने |
| २ | सन्देश मूलक जानकारी प्रसारण | | | | | | एफ.एम. रेडियोबाट ……विषयको सन्देश ……. पटक प्रसारण गरिने र यस विषयमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | सबै तहमा सचेतना अभिवृद्धि भई बाल यौन दुर्व्यवहारमा कमी आएको हुने |

**धन्यवाद !!!**